# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३१) काठमाडौं, फागुन ११ गते २०३८ साल (संख्या ४५


श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको

### सूचना

विशेष अदालत ऐन, २०३१ को दफा ३ र ५ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

महाकाली अञ्चल अदालतका अञ्चल न्यायाधीशको एक सदस्यीय विशेष अदालत गठन गरिएको छ ।

बैतडी जिल्ला अदालतमा दायर रहेको वादी श्री ५ को सरकार प्रतिवादी रामसिंह भाटसमेत भएको मीनबहादुर चन्द मरेको ज्यान मुद्दा उक्त अदालतबाट झिकी कारवाई र किनारा गर्न यस विशेष अदालतलाई सुम्पिएको छ ।

यस विशेष अदालतले महाकाली अञ्चलभित्र जहाँसुकै पनि आफ्नो इजलास कायम गर्न सक्नेछ ।

आज्ञाले–

ध्रुववर सिंह थापा

श्री ५ को सरकारको सचिव


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।